प्रस्ताव नं. १: निवेदक जिल्ला इलाम साविक नामसालिङ ६ हाल माईजोगमाई गा. पा. ४ घर भई हाल श्री नामसालिङ मा. वि. माइजोगमाई ३ को विद्यालय व्यवस्थापन समितिको अध्यक्ष भनिएका श्री योगेन्द्र पौडेलले यस माईजोगमाई गाँउपलिकाको कार्यालय उपर समेत श्री उच्च अदालत विराटनगर इलाम इजलाशमा दायर गरेको रिट नं. ६४ को उत्प्रेषणयुक्त परमादेश मुद्धाको लिखित जवाफ पेश गर्न, कानून व्यवसायी नियुक्त गर्न, वारेस नियुक्त गर्न लगायत सो मुद्धाको सम्बन्धमा गर्नुपर्ने सम्पूर्ण कामकार्य गर्नका लागी माईजोगमाई गाँउपालिकाको कार्यालयको तर्फबाट अख्तियारी दिने सम्बन्धमा ।

निर्णय नं. १: उक्त प्रस्ताव माथि छलफल गर्दा निवेदक जिल्ला इलाम साविक नामसालिङ ६ हाल माईजोगमाई गा. पा. ४ घर भई हाल श्री नामसालिङ मा. वि. माइजोगमाई ३ को विद्यालय व्यवस्थापन समितिको अध्यक्ष भनिएका श्री योगेन्द्र पौडेलले यस माईजोगमाई गाँउपलिकाको कार्यालय उपर समेत दायर गरेको रिट नं. ६४ को उत्प्रेषणयुक्त परमादेश मद्धामा यस माईजोगमाई गाँउपालिका कार्यालयको तर्फबाट श्री उच्च अदालत विराटनगर इलाम इजलाशमा उक्त मुद्धाको लिखित जवाफ पेश गर्न, कानून व्यवसायी नियुक्त गर्न, वारेस नियुक्त गर्न लगायत सो मुद्धाको सम्बन्धमा गर्नुपर्ने सम्पूर्ण कामकार्य गर्नका लागी यस माईजोगमाई गाँउपालिकाको अध्यक्ष श्री जीत बहादुर राईलाई अख्तियारी दिने निर्णय गरियो ।